श्री

# ओखलढुङ्गा जिल्ला अदालत

## ओखलढुङ्गा

मिति २०७८/०३/२२

### सुचना ! सुचना !! सुचना !!!

विश्वव्यापी रुपमा फैलिरहेको नोबल कोरोना भाईरस (कोभिड-१९) को दोश्रो भेरिएन्टका कारण यस अदालतवाट स्थानीय तह एवं जिल्ला प्रशासन कार्यालयको निषेधाज्ञा समेतको आधारमा मिति २०७८।१।२२ देखि विभिन्न सूचना मार्फत मिति २०७८।०३।२१ सम्म यस अदालतबाट सेवा संकुचन गरिएकोमा जिल्ला प्रशासन वखल्ढुंगाको मिति २०७८।०३।२१ को आदेश वमोजिम मिति २०७८।०२।२८ सम्म सार्वजनिक सवारी साधन आवतजावतमा रोक लगाउने गरी निषेधाज्ञाको आदेश जारी भएको छ। सर्वोच्च अदालतको मिति २०७८।०१।१४ को पूर्ण बैठकको निर्णय समेतको आधारमा आज मिति २०७८।०३।२२ को वैठकवाट मिति २०७८।०३।३१ गतेसम्म देहाय वमोजिमका सेवाहरु मात्र संचालन गर्नेगरी निर्णय गरिएको हुँदा सम्बन्धित सबै सरोकारवाला तथा सेवाग्राहीहरुलाई जानकारीको लागी यो सुचना जारी गरिएको छ।

१. म्याद थप, पक्राउ पुर्जी, कल डिटेल अनुमती र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्य गर्ने।
२. अभियोग दर्ता, अभियोग पत्रसाथ पेश भएका अभियुक्तको वयान लिने, थुनछेक गर्ने।
३. बन्दिप्रत्यक्षीकरण र निषेधाज्ञा सम्बन्धि निवेदन दर्ता तथा सुनुवाई गर्ने।
४. फरार प्रतिवादीहरु प्रहरी द्वारा पक्राउ गरी ल्याइएमा वयान तथा थुनछेक सम्बन्धि कार्य गर्ने।
५. फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १५५ अन्तर्गतका निवेदनसंग सम्बन्धित कार्य गर्ने।
६. मुद्दा फिर्ता, मिलापत्र तथा फैसलाको नक्कल प्रमाणित गर्ने ।
७. कारागारमा रहेका थुनुवासँग सम्बन्धित र आदेश वमोजिमका काम सम्पन्न भएका मुद्दाहरु सुनुवाई गर्ने।
८. २०७८।०३।३१ सम्म दर्ता भएको अठार महिना पुग्ने तथा दुवै पक्ष उपस्थित हुने आदेश वमोजिमका काम सम्पन्न भएका मुद्दाको सुनुवाइ गर्ने।

(नोटः- उल्लेखित सेवा बाहेक अन्य सेवाहरु स्थगन गर्ने । काम कार्बाही तथा सेवाप्रवाह स्थगन भएका अवधिलाई शुन्य समय मानी सो अबधिमा मुद्दा रिट तथा निवेदनहरुमा रहेका हदम्याद र तारेख समेत नगुज्रने एवं अन्य ब्यबस्थापकिय पक्षहरु अदालत प्रशासनले मिलाउने ।)

२०७८/३/२२